# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ९७ | बुटवल | २०८२ चैत २३ गते, सोमबार | नेपाल संवत ११४६ | Monday April 06, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## गुल्मीमा बोलेरो दुर्घटनामा २ जनाको मृत्यु

गुल्मी । गुल्मी जिल्लाको गुल्मीदरबार गाउँपालिका-४ मिसुका स्थित भित्री कच्ची सडक खण्डमा बोलेरो पिकअप दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ भने ११ जना घाइते भएका छन् । बिरबासबाट मिसुका तर्फ जाँदै गरेको लु १ च ४९०६ नम्बरको बोलेरो पिकअप गाडी अचानक ब्रेक फेल भई स्थानीय फुलमाया श्रेष्ठको घरमा ठोक्किँदा दुर्घटना भएको हो ।

दुर्घटनामा गुल्मीदरबार ४ निवासी ३५ वर्षीया कृष्णा ढेंगा र ४० वर्षीया मीना सनामीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले बताए । दुर्घटनापछि स्थानीयको सूचनाका आधारमा प्रहरी चौकी श्रृङ्गाबाट प्रहरी सहायक निरीक्षक गोपाल ढाँडीको कमाण्डमा ट्राफिकसहित ४ जनाको टोली घटनास्थलमा खटिएको थियो ।

घाइतेहरूलाई तत्काल प्राथमिक स्वास्थ्य केन्द्र श्रृङ्गामा पुऱ्याई उपचार गरिएको थियो । दुर्घटनामा जमुना ढेंगा, सुमित्रा ढेंगा, पार्वती ढेंगा, पम्फा ढेंगा, कुमारी पुन ढेंगा, मिना सनामीलगायत गम्भीर घाइते भएका छन् भने अन्य केहीको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार दुर्घटनाको कारण ब्रेक फेल भएको प्रारम्भिक अनुमान गरिएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

घाइतेमध्ये २ जनालाई थप उपचारको लागि पाल्पा पठाइएको प्रहरीले जनाएको छ ।

## ओली र लेखकलाई थप ५ दिन हिरासतमा राख्न अनुमति



बुटवल । पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री एवं नेपाली कांग्रेसका नेता रमेश लेखकमाथि ५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न म्याद थप गरिएको छ ।

काठमाडौं जिल्ला अदालतले आइतबार उनीहरूविरुद्ध ५ दिन म्याद थप गरिदिएको हो । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा गृहमन्त्रीको हैसियतमा उनको भूमिकामाथि प्रश्न उठाउँदै जाँचबुझ आयोगले ज्यानसम्बन्धी कसुरमा अनुसन्धान गर्न सिफारिस गरेको थियो । ओली र लेखक दुवै जना चैत १४ गते बिहान भक्तपुरबाट पक्राउ परेका थिए ।

## फेवाताल क्षेत्रमा गृहमन्त्री गुरुङको जग्गा दाबी

बुटवल । गृहमन्त्री सुधन गुरुङले आफ्नो जग्गा फेवातालको तालघरमा रहेको कुरा पोखराका मेयर धनराज आचार्यले सार्वजनिक गरेका छन् । आफूले तालको नक्सा लिएर कुराकानी गर्दा गृहमन्त्री गुरुङले आफ्नो जग्गाको नक्सा देखाएर सोधीखोजी गरेका थिए ।

उनले देखाएको जग्गाको नक्सा तालघरभित्र पर्ने मेयर आचार्यले बताए । 'उहाँले एउटा नक्सा देखाउनुभयो । उक्त नक्साको जग्गा तालघरभित्रै पर्छ,' आचार्य भन्छन्-'उक्त जग्गाको मुआब्जा मिल्दैन ।'

फेवातालको संरक्षणका लागि सरकारले तोकेको ६५ मिटरको मापदण्डभित्र बहालवाला गृहमन्त्रीको पनि जग्गा परेको उनले सुनाए । नक्सा अध्ययन गर्ने क्रममा गृहमन्त्रीले अर्को क्षेत्रको एउटा प्लट देखाएर आफ्नो जग्गा दाबी गरेका हुन् । नक्सा देखाएका बेला गुरुङले भनेका थिए, 'ए, मेरो त यहाँनेर छ ! ल, मेरो पनि गएछ ! राम्रै भयो ।'

यसबारेमा बुझ्न खोज्दा गृहमन्त्री गुरुङसँग सम्पर्क हुन सकेको छैन । स्रोतका अनुसार उनले दाबी गरेको जग्गा केही समयअघि उनले लिजमा लिएका थिए । उक्त जग्गाको स्वामित्व र प्रकृतिबारे भने फरक-फरक धारणा छन् । केहीले उक्त जग्गा दर्ता नभएको र भाडामा लिएर व्यवसाय गर्न खोजिएको दाबी गरेका छन् । त्यस क्षेत्रमा गुरुङले २०७० सालतिरै ठुलो लगानीमा पर्यटकीय पूर्वाधार निर्माण गर्न खोजेको तर स्थानीय युवासँगको विवाद र तालको मापदण्डका कारण उक्त योजना सफल नभएको बताइएको छ । गुरुङले तालको किनारमा स्विमिङ पुल र अन्य साहसिक खेलका संरचना बनाउन खोज्दा केही समयमै ताल पुरिएको र पछि विवाद समेत बढेपछि उनी त्यहाँबाट हटेका थिए । अहिले पनि सो क्षेत्रमा उनका पुराना संरचनाहरू बाँकी नै छन् ।

'एकपटक आएर लामै समय बस्नुभयो । जग्गा हेर्ने र केही संरचना बनाउने काम नै सुरु भयो,' एक जानकारले भने-'संरचना बनाएको जग्गा त सुरुमा लिजमा लिनुभएको हो । पछि पास गर्नुभएको भए थाहा छैन । मेरो विचारमा लालपुर्जा पास भएको छैन होला ।'

उनले उक्त जग्गा लालपुर्जा नै नभएको जग्गा भएको समेत बताएका छन् । 'भाडामा लिएपनि यो जग्गा नापी भएको होइन,' उनले भने-'बाँकी सरकारी निकायले पुष्टि गर्ने कुरा हो ।'

शनिबार गृहमन्त्रीकै निर्देशनमा तालको ६५ मिटर मापदण्ड भित्रका अस्थायी संरचना भत्काइएको छ । ३२ वटा संरचनामा डोजर चलाइएको कास्की प्रहरीले जनाएको छ । मालपोत कार्यालय कास्कीका अनुसार, अहिले सञ्चार माध्यममा आएको समाचारका आधारमा खोजी गर्दा उनको संरचना भएको जग्गा नापी भएको छैन । तर, कति नम्बर कित्ता भन्ने अझै खुलेको छैन ।

### लुम्बिनी प्रदेशसभा बैठक :

# 'संघीय सरकारको व्यवहार प्रतिशोधपूर्ण'

**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनी प्रदेश सभाको सातौं अधिवेशनको पाँचौं बैठकमा संघीय सरकारले प्रतिशोधपूर्ण व्यवहार देखाएको भन्दै प्रदेश सभा सदस्यहरूले कडा विरोध र खबरदारी गरेका छन् ।

बैठकमा बोल्दै प्रदेशसभा सदस्य रत्नबहादुर खत्रीले वर्तमान परिस्थितिलाई ऐतिहासिक मोडको रूपमा चित्रण गर्दै राष्ट्रियता र सार्वभौमसत्तामाथि प्रहार भइरहेको आरोप लगाए । उनले भदौ २३ र २४ गतेका आन्दोलनलाई सही रूपमा नबुझिए मुलुक पुनः अस्थिरतातर्फ धकेलिने चेतावनी दिए । संसद भवनमा आगजनीजस्ता घटना आधुनिक सभ्य समाजका लागि अस्वीकार्य रहेको उल्लेख गर्दै उनले यस्ता घटनामा संलग्न व्यक्तिहरूको पहिचान र उद्देश्यबारे गम्भीर प्रश्न उठाए ।

खत्रीले मुलुकलाई हिंसा र द्वन्द्वतर्फ लैजाने प्रयास भइरहेको भन्दै यसप्रति सजग हुन आग्रह गरे । घटनाको छानबिनका लागि गठन गरिएको आयोगको प्रतिवेदन सार्वजनिक नभएकोप्रति असन्तुष्टि जनाउँदै उनले त्यही आयोगको आधारमा पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई हिरासतमा राख्नु राजनीतिक प्रतिशोध भएको दाबी गरे । उनले विना सर्त उनीहरूलाई रिहा गर्न माग गरे ।

प्रदेश सभा सदस्य विष्णुप्रसाद पन्थीले पनि पूर्व प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकलाई हिरासतमा लिनु प्रतिशोधपूर्ण कदम भएको बताए । उनले निर्वाचन सम्पन्न गराउने सबै पक्षलाई धन्यवाद दिँदै नयाँ नेतृत्वलाई बधाई व्यक्त गरे । पन्थीले विवादास्पद कार्की आयोगको प्रतिवेदन सार्वजनिक नगरी गरिएको कारबाहीले कानुनी राज्यको मर्ममाथि आघात पुगेको बताए ।

प्रदेशसभा सदस्य भण्डारीलाल अहिरले सरकारी संरचनामा भएका आगजनी घटनाको निष्पक्ष छानबिन गर्न माग गर्दै पूर्व प्रधानमन्त्री र गृहमन्त्रीलाई तत्काल रिहा गर्नुपर्ने धारणा राखे । उनले न्यायपूर्ण निर्णयमा समर्थन रहने तर प्रतिशोधपूर्ण कार्य अस्वीकार्य हुने स्पष्ट पारे ।

प्रदेशसभा सदस्य हेमा बेल्वासेले लुम्बिनी प्रदेशमा यौनजन्य हिंसाका घटना बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै पीडितको संरक्षणका लागि विशेष कोष स्थापना गर्न माग गरिन् ।

प्रदेशसभा सदस्य अनुराग खड्काले बजेट कार्यान्वयनमा कमजोरी भएको भन्दै असन्तुष्टि जनाए । उनले बजेटमा समेत त्रुटि देखिएको र जनताको असन्तुष्टि बढ्दै गएको बताए । प्रदेशसभा सदस्य मिनाकुमारी श्रेष्ठले सुशासन, पारदर्शिता र जवाफदेहितामा जोड दिँदै सरकारको ध्यानाकर्षण गराइन् । उनले प्रदेशसभा जनताको आवाज उठाउने थलो भएको उल्लेख गरिन् ।

प्रदेश सभा सदस्य चन्द्रकेश गुप्ताले शिक्षामा पहुँच विस्तार गर्न र छुटेका योजनाहरू कार्यान्वयनमा ल्याउन आग्रह गरे ।

प्रदेशसभा सदस्य दीपेन्द्र पुनले वर्तमान राजनीतिक अवस्थालाई संशयपूर्ण बताउँदै बहुमतको दुरुपयोग भइरहेको टिप्पणी गरे । उनले प्रदेशको भूमिका अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याए ।

प्रदेशसभा सदस्य बसिउद्दिन खाँले हावाहुरीका कारण आगलागीको जोखिम बढेको भन्दै दमकल व्यवस्थापनमा ध्यान दिन सरकारसँग माग गरे । उनले प्रदेश सरकारले गरेका कामको प्रभावकारी रूपमा प्रचार-प्रसार गर्न नसकिएको पनि बताए ।

**सदनमा पेश भयो प्रज्ञा प्रतिष्ठान विधेयक**

बैठकमा उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्न बनेको विधेयक सभामा पेश गरेका छन् ।

त्यसैगरी बैठकमा मुख्यमन्त्री चेतनारायण आचार्यले जिल्लासभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई दफावार छलफलका लागि प्रदेश मामिला तथा कानुन समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेश गरेका छन् । उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको सभामुख तुलाराम घर्तीमगरले बैठकलाई जानकारी गराएका छन् । छैठौं बैठक चैत २३ गते सोमबार दिउँसो १ बजे बस्ने छ ।



## सवारी साधन करको बाँडफाँट प्रस्ताव पारित

दाङ । लुम्बिनी प्रदेश सरकारको मन्त्रिपरिषद्को आइतबार सम्पन्न बैठकले विभिन्न निर्णयहरू गरेको छ । बैठकले स्थानीय तहलाई प्रदान गरिने अनुदानको सीमा तथा सवारी साधन कर बाँडफाँटसम्बन्धी प्रस्तावहरू स्वीकृत गरेको छ ।

सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीका अनुसार आगामी आर्थिक वर्ष २०८३-८४ का लागि प्रदेश सरकारले स्थानीय तहलाई हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको सीमा निर्धारणसम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ ।

बैठकले प्रदेशभित्र संकलन हुने सवारी साधन करको बाँडफाँटसम्बन्धी प्रस्ताव पनि पारित गरेको छ । जसअनुसार आगामी आर्थिक वर्ष २०८३ र ८४ मा स्थानीय तहमा बाँडफाँट हुने सवारी साधन करको अनुमानित सीमा १ अर्ब ४५ करोड रुपैयाँ निर्धारण गरिएको छ ।

यसैबीच, प्रदेश सरकारले वि.सं. २०८३ सालका लागि थप सार्वजनिक तथा पर्व बिदाहरू पनि निर्धारण गरेको छ । हरितालिका तिज, माघे संक्रान्ति, प्रदेश स्थापना दिवस र बसन्त पञ्चमीका अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरिएको छ भने भूम्या पूजा, बड्का अत्तवारी, भगवती जात्रा र मगर दिवसजस्ता पर्वमा सम्बन्धित समुदायलाई बिदा दिने व्यवस्था गरिएको छ । बैठकले जीवनाशक विषादी निरीक्षकहरुको कार्यक्षेत्र तोक्ने निर्णय गरेको छ । वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेलाई रुपन्देही, कपिलवस्तु, नवलपरासी (बसुप), अर्घाखाँची, पाल्पा र गुल्मी, अधिकृत एलिजा श्रेष्ठलाई प्यूठान, रोल्पा, रुकुमपूर्व, बाँके, बर्दिया र दाङको विषादी निरीक्षकको कार्यक्षेत्र तोकिएको छ ।

## मन्त्रिपरिषद्ले गऱ्यो ८ निर्णय, हप्तामा दुई दिन बिदा



बुटवल । सरकारले आजदेखि लागू हुनेगरी शनिबार र आइतबार बिदा दिने निर्णय गरेको छ ।

सरकारी कार्यालय र शैक्षिक संस्थामा शनिबार र आइतबार बिदा दिने निर्णय भएको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए ।

पेट्रालियम आपूर्तीमा उत्पन्न असहजताका कारण यो निर्णय गरेको उनले बताए । शैक्षिक संस्थाबाहेक उल्लेखित कार्यालयहरूको कार्यालय समय ९ देखि ५ बजे कायम गर्ने आइतबार बसेको मन्त्रिपरिषद् बैठकले निर्णय लिएको हो । प्रवक्ता पोखरेलका अनुसार, चैत २३ गते देखि यो समयावधि लागू हुनेछ । यस्तै मन्त्रिपरिषद् बैठकले विश्व बैंकबाट प्राप्त हुने सहुलियतपूर्ण ऋण स्वीकार गर्नेलगायतका विभिन्न निर्णयहरू गरेको छ ।

यस्तै, आगामी शैक्षिक सत्र बैशाख १५ गतेबाट सुरु गर्ने निर्णय पनि मन्त्रिपरिषद् बैठकले गरेको छ ।

यस्तै डिजिटल नेपाल ट्रान्सफर्मेशन प्रोजेक्टका लागि क्रमशः एशियाली विकास बैंक तथा विश्व बैंकले प्रदान गर्ने ४० मिलियन अमेरिकी डलर र ५० मिलियन अमेरिकी डलर गरी जम्मा ९० मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ ।

दिगो र समावेशी वित्त परियोजनाका लागि विश्व बैंकबाट प्राप्त हुने ९५ मिलियन अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने, नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय, आयोग र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन, सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने, राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले दिएको राजीनामा स्वीकृत गर्ने , डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्नका लागि आवश्यक कानुनी व्यवस्था मिलाउने र आगामी शैक्षिक सत्र २०८३ बैशाख १५ गतेबाट सुरु गर्ने निर्णय लिएको छ ।




दैनिक लुम्बिनी

## सम्पादकीय

# अब्बल देखिने अवसर

प्रतिनिधिसभाको सभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्याल चुनिएका छन् । रास्वपाका उप-सभापति समेत रहेका अर्यालको एकल उम्मेदवारी परेकाले उनी निर्विरोध चयन भए । झण्डै दुई तिहाइको बहुमत पाएको रास्वपा प्रतिनिधिसभामा बलियो छ । छोटो समयमै रास्वपाको उदयसँगै बर्चश्व कायम गरेको छ । प्रतिनिधिसभाको सभामुखमा अरु दलले उम्मेदवार नदिएर सर्वसम्मतिको वातावरण बनेको छ । अर्थात् उनी अरु दलबाट पनि स्वीकारिएका छन् ।

डोलप्रसाद आफैँ सरल र समन्वयकारी छवि निर्माण गरेका नेता हुन् । उनको यो छवि अब सभामुखका रुपमा परीक्षा हुनेछ । नेता धेरै हुन्छन्, तर केही विशिष्ट गुण र कामले केही नेता सधैँ सम्झिइन्छन् । सभामुखको रुपमा नेपालमा तीन सभामुखको सधैँ सम्झना हुन्छ । आइतबारको प्रतिनिधिसभा बैठकमा त्यसबारेमा पनि चर्चा भयो । २०१५ सालको पहिलो प्रतिनिधिसभाका सभामुख कृष्णप्रसाद भट्टराई, २०४८ सालको प्रतिनिधिसभाका सभामुख दमननाथ ढुङ्गाना र २०६४ सालको संविधानसभा र प्रतिनिधिसभाका सभामुख सुवास नेम्वाङ केही विशिष्ट गुण र कामले अरुभन्दा फरक पहिचान बनाए । भट्टराईले सरकार सत्तारूढ दलको र सदन प्रतिपक्षको भन्ने मानक स्थापित गरे । ढुङ्गाना आफू आबद्ध दलभन्दा माथि उठेर निष्पक्ष भूमिका निभाए । नेम्वाङले २०६२/०६३ को आन्दोलनपछिको संक्रमणकाललाई सहज व्यवस्थापन उनको समन्वयकारी भूमिकाले काम गरेको थियो । अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्वदायी भूमिकामा रहेर सभामुखमा पुगेका अर्याललाई पनि अरुभन्दा फरक देखिने अवसर आएको छ । पदमा पुगेर मात्रै हुँदैन, पदमा पुग्ने व्यक्तिले पदको गरिमा राख्नुपर्छ । समन्वयकारी छवि छ, अर्यालको । यो छविले सभामुखको रुपमा उनी अब्बल हुनेछन् भन्ने अपक्षा गर्न सकिन्छ । झण्डै दुई तिहाइको सरकारलाई खबरदारी गर्ने थलो हो संसद । पहिलो सभामुख भट्टराईले भनेझै संसद प्रतिपक्षको हो भन्ने मानक स्थापित गर्न सक्दा सरकार बाटो बिराएर लडखडाउने जोखिम हुँदैन । संसदलाई प्रतिपक्षको थलो बनाउन सक्दा सत्तापक्ष र प्रतिपक्षबिच सन्तुलन कायम हुन्छ । र, हाम्रो लोकतान्त्रिक प्रणाली सही बाटोमा अघि बढ्छ । अब अर्यालको पल-पल परीक्षा हुनेछ, ती परीक्षामा उनी उष्कृष्ट हुनेछन् ।

अहिले दर्जनौं कानुनहरू संसदको प्रक्रिया पुरानगरेका कारण अल्झेका छन् । संघीयता लागु भएको एक दशक भइसक्दा पनि प्रहरी समायोजन, निजामति, विद्यालय शिक्षालगायतका कानुनहरू पास हुन सकेका छैनन् । संसद प्रभावकारी ढंगले सञ्चालन हुन सकेमात्रै नतिजा दिने संस्थामा रुपान्तरण हुन सक्छ ।

संसद भनेको कानुन बनाउने ठाउँ मात्र होइन, यो लोकतन्त्रको अभ्यास गर्ने थलो हो । साना-ठूला विवादले संसद् लामो समयसम्म ठप्प हुने, महत्वपूर्ण विधेयकहरू वर्षौंसम्म अल्झिने, र जनताका सरोकारका विषयहरू छलफलमै सीमित रहने प्रवृत्तिले संसद्को प्रभावकारितामाथि प्रश्न उठ्दै आएको छ । अब यस्तो अवस्थालाई परिवर्तन गर्ने जिम्मेवारी अर्यालको काँधमा आएको छ । संसद् अवरुद्ध हुँदा, विपक्षीले नाराबाजी गर्दावा सत्तापक्षले आफ्नो बहुमत प्रयोग गर्न खोज्दा कसरी सन्तुलन कायम गर्ने सभामुखको निर्णायक भूमिका हुन्छ । त्यही भूमिकाले नै हो सभामुखलाई अब्बल वा कमजोर बनाउने भन्ने निर्धारण गर्नेछ ।

# लोकतन्त्रको सार्वजनिक सञ्चारको मुखमा बिर्को !



झपेन्द्र जिसी

थोरै भए पनि लोकतन्त्रप्रति माया सम्मान छ भने सरकार विज्ञान बोर्डमार्फत् मिडिया हाउसमा समानुपातिक ढंगले विज्ञापन वितरण गर्ने व्यवस्था मिलाऊ ।

सम्बन्धित प्रदेशबाट र स्थानीय तहबाटै निषक्ष ढंगले विज्ञापन दिलाउने व्यवस्था मिलाऊ सरकार ।

त्यो गरेबापत विज्ञापन बोर्डले लिदै आएको ३ प्रतिशत सेवा शुल्क लिन राज्यलाई अधिकार छँदैछ ।

लोकतन्त्र भनेको निर्वाचनमा भोट दिनु र कुनै व्यक्ति वा दललाई बहुमत वा बहुसिट दिलाई सत्तासीन बनाउनु मात्र होइन । लोकतन्त्रको तात्पर्य त जनताले आफ्नो फरक मत वा सरकार सञ्चालनमा सत्तापक्षलाई सकारात्मक राय सुझाव दिनु पनि हो ।

तानाशाही अर्थात् हुकुमी प्रणालीमा जनताको मुखमा बिर्को लगाइएको हुन्छ । एकतन्त्रीय जहानिया राणा शासनकाल १०४ वर्षभरि जनताको मुखमा बिर्को लगाइएको थियो । बाक प्रकाशन, सभा, जुलुस गर्ने जनताको मौलिक अधिकारमाथि भोटे ताल्चा ठोकिएको थियो । वातावरण उकुसमुकुसपूर्ण थियो । सुब्बा कृष्णलाल अधिकारले मकैको खेती पुस्तक लेखे बापत आजीवन जेलमा कोचेर हत्या गरिएको थियो । यसरी नै खड्ग मानसिंह, खड्गबहादुरहरुलाई पनि जेलमा सडायो स्मरण रहोस् कृष्णलाल अधिकारीको पुस्तकमा मात्र के कुरा थियो भने मकैको खेतीमा खुम्ले कीरा लेखिएको थियो । मैकको खेती भनेको जीवन हो भनेर बुझ्दा हुन्छ । यही कुरालाई आधार बनाएर अर्थात् राणा सरकारलाई खुम्ले कीरा बन्यो भन्यो आरोपित गरी आजीवन जेल जीवन दिइयो, भित्रै भ्याराइयो ती सपुतहरुले प्रचण्ड गोरखा पार्टी खोलेको आरोपमा जेल सजायमा सडायो ।

वि.सं.१९९३ तिर टंकप्रसाद आचार्य, रामहरि शर्माहरुले प्रजापरिषद् नामक पार्टी खोले । प्रजापरिषद्को उद्देश्य राणा शासनको अन्त्य गरी राजाको नेतृत्वमा वैधानिक व्यवस्था स्थापना गर्ने जुन व्यवस्थामा जनतालाई लेख्ने, बोल्ने, प्रकाशन गर्ने, सभा संगठन गर्ने अधिकार सुनिश्चित होस् भन्ने थियो । यसै प्रजापरिषद् पार्टीमा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथचन्द्र, गंगालाल श्रेष्ठजस्ता युवाहरु संगठित भए । प्रजा परिषद्ले राणा शासनको अन्त्य र नागरिक अधिकारको बहालीको विषय उठाएर गोप्य रुपमा पर्चा वितरण गऱ्यो । पर्चा प्रकाशन, वितरण गरेको र गाथगाथी ताकेको आरोप लगाई टंकप्रसादलगायतलाई चार पाटा मुडी सुंगुरको पाठा बोकाई चार भञ्ज्याङ कटाई बन्दनाम गरियो भने शुक्रराज शास्त्री धर्मभक्त माथेमा, दशरथचन्द र गंगालाल श्रेष्ठ (पुष्पलालका दाजु) लाई ज्यान सजाय दिएको इतिहास छ । यी सबै हरकत जनतालाई सूचना संचारबाट विमुख पार्ने र हुकुमी शासन चलाउने नियतले नै भएका थिए ।

जनताको मुखमा बिर्को ठोकेर कानमा राङ कोचेर मुखमा भोटे ताल्चा लगाएर लेखक र मिडियाकर्मीको डुंडुल्ना र कलम भाँचेर तानाशाही व्यवस्था टिक्न सक्दैन भन्ने गतिलो उदाहरण २००७ सालको क्रान्तिले प्रमाणित गरेको छ ।

२००७ सालको जनआन्दोलन सफल भएपछि राजा त्रिभुवन प्रकाशमा आए । उनले अब नेपालको शासन व्यवस्था नेपाली जनताबाट निर्वाचित संविधानसभाबाट निर्माण भएको संवैधानिक गणतान्त्रिक संविधानअनुसार हुनेछ भनेर घोषणा गरे । तर संविधानसभाको निर्वाचन भएन । आलटाल गर्दागर्दै त्रिभुवनको २०११ मा निधन भएपछि राजा भएका महेन्द्रले २०१५ सालमा आफ्नो मनोखुशी संविधान जारी गरेर २०१५ सालमा निर्वाचन गराएर १०९ सिटको निर्वाचनमा कांग्रेसले दुई तिहाई सिट जितेर बीपी कोइराला प्रधानमन्त्री भएको सरकार गठन भयो । त्यो सरकारलाई राजा महेन्द्रले २०१७ साल पौष १ गते विघटन मात्र गरेनन् दलहरु र संघसंस्थामाथि प्रतिबन्ध लगाएर २०१७ साल पौष १ गते निर्दलीय पंचायती व्यवस्था लागू गर्नुका साथै सरकार नियन्त्रित संघसंस्था र मिडियालाई मात्र चल्न छुट भएको घोषणा गरे ।

२०१९ साल पौष १ गते निर्दलीय पञ्चायती प्रजातन्त्रको नामबाट नेपाल अधिराज्यको संविधान जारी गरे ।

यसरी प्रजातान्त्रिक अधिकार र मानव अधिकार खोसिए । सार्वजनिक मिडियाहरु पनि प्रतिबन्धित भएको इतिहास छ ।

२०६१ सालमा यसरी नै अघोषित रुपमा राजा ज्ञानेन्द्रले शासन आफैँले लिए । सभा समारोह र मिडियामाथि दमन गरे । जनताहरुलाई इन्तुन चिन्तु बनाइयो ।

प्रिय मित्रहरु ! भनिरहन पर्दैन जनताको आवाज थुन्न निरंकुश शासकहरुले धेरै दुष्प्रयत्न गरे । २०४६ सालको प्रजातान्त्रिक कालमा निजी क्षेत्रले धेरै एफएमहरु, टेलिभिजनहरु स्थापना गरेर सञ्चालन गरे, पत्रपत्रिकाहरु जन्मिएर चल्दैछन् ।

२०८२ भाद्र २३ र २४ गते देशी विदेशी प्रतिक्रियावादीहरु षड्यन्त्रपूर्वक जेनजी नामबाट विद्रोह गराएर जिउ ज्यानको हत्या गराए । दोष जति तत्कालीन प्रधानमन्त्री गृहमन्त्रीलगायत तत्कालीन सरकारमाथि पूर्वाग्रहपूवर्क थोपरिँदैछ र उनीहरु अहिले हिरासतमा छन् ।

एमाले, कांग्रेसलाई नङ्ग्याइएपछि देशमा फागुन २१ गते भएको चुनावमा जनताले रवि लामिछाने बालेन र सुदन गुरुङ्गको नेतृत्वको पार्टीलाई बहुमत दिए । अहिले बालेन्द्र प्रधानमन्त्री, सुदन गुरुङ्गले हाँकेको सरकार छ । यहाँनेर एउटा कुरा भन्नै पर्नेछ । स्मरणीय छ र स्मरणीय रहिरहने छ । त्यो के हो भने जनता आफ्नै थाप्लामा बन्चरो प्रहार गरे । भनिरहँदा पाच्य नहोला !

अहिले दुई तिहाइको दम्भ बोकेको सरकारले स्थानीय तह, प्रदेश तह, स्वतन्त्र व्यावसायिक प्रतिष्ठानहरुले कुनै पनि विज्ञान गर्दा सरकारले गोरखापत्र, रेडियो, नेपाल, नेपाल टेलिभिजनबाट मात्र विज्ञापन गर्नुपर्ने आदेश जारी गरेको छ ।

अब यसको परिणाम के हुनेछ, सबै सामुदायिक रेडियोहरु, सामुदायिक टेलिभिजनहरु निजी क्षेत्रका अखबार र इलक्ट्रोनिक मिडिया सबै अघोषित रुपमा आफैं बन्द गर्न बाध्य हुनेछन् ।

जनताले कानले सुन्ने, आँखाले हेर्ने, हातका डुँडुलाले कलम र माउस समाई लेख्ने टाइप गर्ने अधिकारबाट वञ्चित हुनेछन् । धेरै मिडियाहरु बन्द भएपछि वर्षौंदेखि कार्यरत मिडियाकर्मीहरु, लेखक, कविहरु बेदखल भई बेरोजगार हुनेछन् ।

सुशासन र स्वरोजगारको व्यवस्था हामी गर्छौं भन्ने यो सरकारले गरेका यी कामहरु के साँच्चै नै जनता र देशका हितमा छन् कि कसको हितमा ? जान्ने बुझ्नेलाई स्वतः थाहा हुनेछ ।

यसबाट सरकारलाई घचघच्याउने कुनै माध्यम पनि नहुँदा सरकार लगाम विनाको साँढेझैं मन्द्राउने छ । गल्ती गऱ्यौ जनता हो कुइँया कसार भन्दै जनताको टिप्पणी गर्नु पनि भएन । सिस्नाले पोल्यो मनमनै सिस्नाघारीभित्र घण्टी टिनिनिनी !

सुनिदैछ, ट्रेड युनियनहरु जनवर्गीय र पेशागत संगठनहरु लोकतन्त्रका हातखुट्टा हुन् । ती पनि बन्द गर्ने रे !

सुशासनको नमूना देखाउँछौं भनेर हाँक दिएर बनेको सरकारले कुशासन गर्दैछ कि सुशासन ? कुरा बुझ्े आफैँलाई ।

थोरै भए पनि लोकतन्त्रप्रति माया सम्मान छ भने सरकार विज्ञान बोर्डमार्फत् मिडिया हाउसमा समानुपातिक ढंगले विज्ञापन वितरण गर्ने व्यवस्था मिलाऊ ।

सम्बन्धित प्रदेशबाट र स्थानीय तहबाटै निष्पक्ष ढंगले विज्ञापन दिलाउने व्यवस्था मिलाऊ सरकार ।

त्यो गरेबापत विज्ञापन बोर्डले लिंदै आएको ३ प्रतिशत सेवा शुल्क लिन राज्यलाई अधिकार छँदैछ ।

अ न्त य मा बोले धेरै हुन्छ ! बसे बैरै हुन्छ भनेझैं सरकारमा पाइलो टेकेकै दिनदेखि पूर्व जनप्रतिनिधिहरुलाई गिरफ्तार गरी हिरासतमा राखी बदनाम गर्ने काम पनि त भइसकेको छ । यी सबै हरकतहरु जनताबाट पार्टी र नेतालाई नङ्ग्याउने चालबाजी बाहेक के हुन सक्छ र ? ज्येष्ठ नागरिक भत्ता दिने उमेर ७५ वर्षमा पुऱ्याउने भन्ने पनि सुनिएको छ ।

ज्ञात रहोस् । नेपालीको औषत आयु ७०/७१ वर्षको भएको मानिन्छ । ७५ वर्षपछि भत्ता दिनु भनेको मरेपछि डाक्टर वैद्यलाई बोलाउनु होइन र ? धुकुर धुकुर बाँचेका र चलेका मिडियाले अहिलेसम्म लेख्दै र बोल्दैछन् तर बन्द भए भने कसले लेख्ने कसले बोल्ने ?

# हरित क्षेत्र र मानसिक स्वास्थ्य

शर्मिला आचार्य

**परिचय**

अहिले मानिसहरू स्वास्थ्यप्रति सजग बन्दैगएका छन् । व्यस्त जीवनशैलीबिच पनि स्वस्थ रहने चाहना बढेसँगै बजारमा विभिन्न स्वास्थ्यसम्बन्धी उत्पादन र प्रवृत्तिहरूको विस्तार हुँदैगएको छ । अहिले बिहान हिँड्न निस्किने र जिम जाने चलन सामान्य बन्दै गएको छ ।

कुन फलफूल, तरकारी र खानामा प्रोटिन, भिटामिन र फाइबर बढी हुन्छन् भन्नेबारे जानकारी लिँदै त्यसको प्रयोग गर्ने प्रवृत्ति पनि बढेको छ । प्रोटिन र मल्टिभिटामिनको चर्चा त झन् विशेष छ । बजारमा महँगा तथा सस्ता दुवै प्रकारका प्रोटिन पाउडर र भिटामिन ट्याब्लेटहरूको बिक्री उल्लेखनीय रूपमा बढेको छ । यी उपायहरूको मुख्य उद्देश्य शारीरिक स्वास्थ्यलाई सुदृढ बनाउनु हो ।

यस्ता उपायहरूले केही हदसम्म मानसिक स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्छन् । तर हाम्रो समाजमा मानसिक स्वास्थ्य प्रवर्द्धनका अन्य उपायहरू र तिनको महत्त्वबारे पर्याप्त ध्यान दिइएको देखिँदैन । विश्वभरजस्तै नेपालमा पनि तनाव, चिन्ता र उदासीजस्ता समस्या बढिरहेका छन् । तर यसबारे खुलेर कुरा गर्ने, सहयोग खोज्ने तथा सामूहिकरूपमा समाधान खोज्ने प्रवृत्ति, संस्थागत प्रणाली र सहज वातावरणको अभाव देखिन्छ । सन् २०१९ मा नेपालमा करिब ३९ लाख मानिसमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या देखिएको थियो । तीमध्ये करिब ११ लाखमा उदासी (डिप्रेसन) र ९ लाखमा चिन्तासम्बन्धी (एन्जाइटी) समस्या देखिएको थियो ।

मानसिक स्वास्थ्य प्रवर्द्धन तथा उपचारका लागि वैज्ञानिकहरूले विभिन्न उपायहरूको खोजी गरिरहेका छन् । योग, व्यायाम, पर्याप्त निद्रा, सन्तुलित आहार, सामाजिक सद्भाव तथा सामाजिक मान्यताले मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने तथ्य विभिन्न अध्ययनहरूले देखाएका छन् । पछिल्ला वर्षहरूमा शारीरिक तथा वातावरणीय स्वास्थ्यसँग मानसिक स्वास्थ्यको सम्बन्धबारे अनुसन्धान तीव्ररूपमा बढिरहेको छ ।

**परिभाषा**

हरित क्षेत्र भन्नाले सामान्यतः जङ्गल, सडकछेउका रूखहरू, पार्क, घरको आँगन, खेतीयोग्य जमिन तथा खेतबारीजस्ता वनस्पति पाइने स्थानहरूलाई जनाउँछ । सहरी दृष्टिकोणबाट हेर्दा पार्क, घाँसे मैदान, घरको बगैँचा, सहरी वन तथा सहरी कृषि क्षेत्रहरू हरित क्षेत्रअन्तर्गत पर्छन् । तीव्र सहरीकरणका कारण खुला स्थानहरू आवासीय तथा व्यावसायिक संरचनाले ढाकिँदै गएकाले हरित क्षेत्रहरू वर्षेनि घट्दै गएको छ । विशेषतः योजनाबद्ध नभएका सहरी क्षेत्रहरूमा यस्तो अवस्था झन् स्पष्ट देखिन्छ । यस्तो अवस्थामा हरित क्षेत्रहरूले हाम्रो जीवन र मानसिक स्वास्थ्यलाई कसरी संरक्षण गर्छन् भन्ने विषय अझ महत्त्वपूर्ण बन्दै गएको छ ।

**हरित क्षेत्र र मानसिक स्वास्थ्य सूचकहरू**

हरित क्षेत्रहरू वातावरणीय प्रणाली, शारीरिक स्वास्थ्य र स्वस्थ जलवायुका लागि त आवश्यकै हुन्छन् । तर मानसिक स्वास्थ्यमा यसको प्रभावबारे भने करिब दुई दशकदेखि निरन्तर अनुसन्धान हुँदैआएको छ । अनुसन्धानहरूका अनुसार बढी हरित क्षेत्र भएका स्थानहरूमा मानसिक स्वास्थ्यका सूचकहरू तुलनात्मकरूपमा राम्रो देखिएकाछन् ।

सन् २०२४ मा वैज्ञानिकहरूको टोलीले गरेको भूस्थानिक अध्ययनअनुसार ५० प्रतिशतभन्दा बढी रूखले ढाकिएका बस्तीहरूमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या कम देखिएका थिए । विशेषतः घाँसे मैदान भएका क्षेत्रहरूको तुलनात्मक अध्ययनले डिप्रेसन र चिन्ताको जोखिम घट्ने संकेत गरेको छ । एउटा पूर्वअध्ययनहरूको (मेटा) विश्लेषणअनुसार हरित क्षेत्र १० प्रतिशतले बढ्दा डिप्रेसनमा ३.७ प्रतिशत र चिन्तामा ६.७ प्रतिशतसम्म कमी आउने सम्भावना देखिएको छ । कारण र परिणाम सम्बन्ध स्पष्टरूपमा पुष्टि गर्न अझै चुनौती भए पनि कम हरियाली भएका क्षेत्रबाट बढी हरियाली भएका क्षेत्रमा सरेका मानिसहरूको मानसिक स्वास्थ्यमा सुधार देखिएको तथ्यले यस सम्बन्धलाई थप पुष्टि गर्छ ।

सम्बन्धलाई प्रभाव पार्ने मध्यस्थ कारकहरू

**१. शारीरिक सक्रियता**

विभिन्न अध्ययनहरूले हरित क्षेत्रहरूले शारीरिक गतिविधि बढाउन मद्दत गर्ने देखाएका छन् । खेलकुद, हिँड्डुल, दौड, योगजस्ता गतिविधिले शरीरमा इन्डोर्फिन हर्मोनको स्तर बढाउँछ जसले मनोभावमा सुधार गर्छ भने तनाव दिने हर्मोन घटाउन पनि मद्दत गर्छ । यसले ध्यान विचलन घटाउने, निद्रामा सुधार गर्ने तथा मानसिक सन्तुलन कायम राख्न सहयोग पुऱ्याउँछ । अध्ययनअनुसार हरित क्षेत्रमा बसोबास गर्ने मानिसहरू शारीरिकरूपमा सक्रिय हुने सम्भावना २७ प्रतिशत बढी देखिएको छ ।

**२. सामाजिक अन्तर्क्रिया र सामाजिक एकता**

हरित क्षेत्रहरू सामाजिक अन्तर्क्रिया र सामुदायिक सम्बन्ध सुदृढ गर्ने स्थानका रूपमा पनि महत्त्वपूर्ण हुन्छन् । यस्ता क्षेत्रहरूले परिवार, साथीभाइ तथा समुदायबिच भेटघाट, पिकनिक, उत्सव तथा खेलकुदजस्ता गतिविधि प्रोत्साहित गर्छन् । यसले सामाजिक एकता बढाउँछ र एक्लोपन घटाउँछ जुन मानसिक स्वास्थ्य समस्याको प्रमुख कारणमध्ये एउटा हो । अध्ययनअनुसार हरित क्षेत्रमा समय बिताउनु र मानसिक सुस्वास्थ्यबीचको सम्बन्धको करिब २५ प्रतिशत भाग शारीरिक गतिविधि र एक्लोपन घट्नुले व्याख्या गर्छ ।

**३. सौम्य आकर्षण**

प्रकृतिले सहज रूपमा ध्यान आकर्षित गर्ने क्षमतालाई 'सौम्य आकर्षण' भनिन्छ । यसले मानिसलाई दैनिक तनावबाट केही समय टाढा राखी मानसिक विश्राम प्रदान गर्छ । पन्छीहरूको आवाज, फूलहरूको रङ्ग, नदीको बहाव, झरनाको स्वर र रूखको छायाले मनलाई शान्त बनाउन मद्दत गर्छन् । यसले सचेतता (माइन्डफुलनेस) बढाउँछ, नकारात्मक सोच घटाउँछ र सकारात्मक भावना विकास गर्न सहयोग पुऱ्याउँछ । एउटा अध्ययनमा हरियाली क्षेत्रमा १० मिनेट बिताउँदा माइन्डफुलनेसको स्तर उल्लेखनीय रूपमा बढ्ने देखिएको छ ।

**४. वायु प्रदूषण न्यूनीकरण**

वायु प्रदूषण मानसिक स्वास्थ्य समस्यासँग पनि सम्बन्धित देखिएको छ । पीएम २.५, पीएम.१०, सल्फर अक्साइड, नाइट्रोजन अक्साइड तथा कार्बन मोनोक्साइड जस्ता प्रदूषकहरूले मस्तिष्कमा सूजन उत्पन्न गरी न्यूरोनमा क्षति पुऱ्याउन सक्छन् । प्रदूषित क्षेत्रमा बसोबास गर्ने मानिसहरूमा डिप्रेसन र चिन्ताका लक्षण बढी देखिने अध्ययनहरूले संकेत गरेका छन् । हरित क्षेत्रहरूले प्राकृतिकरूपमा प्रदूषकहरू सोस्ने र फिल्टर गर्ने काम गर्छन् । चीनको सहरी क्षेत्रमा गरिएको अध्ययनअनुसार सडकछेउका रूखहरूले पीएम २.५ को स्थानीय स्तर १० देखि ३० प्रतिशतसम्म घटाउन सक्छन् ।

**हरित क्षेत्र प्रभावकारी बनाउन आवश्यक तत्त्व**

हरित क्षेत्रको प्रभाव बढाउन निम्न पक्ष महत्वपूर्ण मानिन्छन् -

१. पर्याप्त क्षेत्रफल र हरियाली
२. राम्रो गुणस्तर र व्यवस्थापन
३. सजिलो पहुँच
४. नियमित भ्रमणको अवसर
५. प्राकृतिक स्थानहरूको विविधता
६. सुरक्षित तथा आकर्षक डिजाइन
७. खेलकुद तथा मनोरञ्जनका पूर्वाधार

**निष्कर्ष**

हरित क्षेत्रहरूले मानव स्वास्थ्य र जीवनको गुणस्तर सुधार गर्न बहुआयामिक भूमिका खेल्छन् । योजनाबद्ध सहरीकरण र ग्रामीण विकास प्रक्रियामा हरित क्षेत्रलाई प्राथमिकताका साथ समावेश गर्नसके मानसिक स्वास्थ्यसहित समग्र जीवनस्तर सुधार गर्न महत्त्वपूर्ण योगदान पुग्नेछ ।

**हरित क्षेत्र प्रवर्द्धनका उपायहरू**

**नीतिगत पहल**

सरकारले हरित क्षेत्र विकासका लागि स्पष्ट नीति निर्माण गरी नयाँ हरित क्षेत्रका लागि जग्गा छुट्याउने तथा विद्यमान क्षेत्रहरूको संरक्षण सुनिश्चित गर्नुपर्छ ।

**परित्यक्त जमिनको उपयोग**

शहर तथा बस्तीका खाली जमिनमा वृक्षारोपण गरी तिनलाई हरित क्षेत्रमा रूपान्तरण गर्न सकिन्छ ।

**मनोरञ्जन तथा खेलकुद पूर्वाधार**

पार्क तथा हरित क्षेत्रमा व्यायाम सामग्री, खेलमैदान तथा सामुदायिक प्रयोगका संरचना विकास गर्नुपर्छ ।

**सानातिना परियोजनाका लागि कोष**

स्थानीय तहले साना हरियाली परियोजनाका लागि विशेष कोष स्थापना गरी टोल तथा वडास्तरमा वितरण गर्न सक्छन् । 'हरित वडा पुरस्कार' जस्ता कार्यक्रमले प्रतिस्पर्धात्मक भावना विकास गर्न सहयोग पुऱ्याउँछ ।

(सामाजिक तथा व्यावहारिक विज्ञानमा मेमफिस विश्वविद्यालयमा विद्यावारिधि शोधार्थी)

(बाह्रखरीबाट)

# लुम्बिनीमा पुनरुत्थानशील कृषि क्षेत्रीय सम्मेलन

बुटवल। लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनीमा आजदेखि गहन पुनरुत्थानशील कृषिसम्बन्धी क्षेत्रीय सम्मेलन आयोजना हुने भएको छ। सम्मेलनमा नेपाल, भारत र भुटानबाट करिब १२० जना अनुसन्धाताहरू सहभागी हुनेछन्। सम्मेलन लुम्बिनी बौद्ध विश्वविद्यालय, नेपाल जीन बैंक, नार्क, डब्लु डब्लु एन र डब्लु डब्लु एफ नेपालको संयुक्त आयोजकत्व तथा रकफेलर फाउन्डेसनको आर्थिक सहयोगमा हुँदैछ। सम्मेलनको मुख्य उद्देश्य कृषिप्रणालीमा रूपान्तरणकारी परिवर्तनबारे प्राज्ञिक विमर्श गर्नु रहेको छ। सम्मेलनमा स्वदेशी ज्ञान, कृषि-पर्यावरणीय दृष्टिकोण र पुनरुत्थानात्मक अभ्यासहरूको एकीकरणमार्फत दिगो, पुनरुत्थानशील र प्रकृतिमैत्री कृषिप्रणालीको विकाससम्बन्धी विषयलाई विशेष प्राथमिकता दिइएको छ। सम्मेलनले गहन पुनरुत्थानशील कृषि तथा स्वदेशी आध्यात्मिक कृषिसम्बन्धी वैज्ञानिक अनुसन्धानद्वारा ज्ञानको विनिमयका लागि प्रभावकारी मञ्चद्वारा नेपाल, भारत र भुटानका सरोकारवालाबीच क्षेत्रीय सहकार्यलाई सुदृढ गर्न मद्दत पुऱ्याउनेछ। फलतः त्यसका लागि नीतिगत प्रगतिमा जोड दिइनेछ। स्थानीय तथा रैथाने कृषि आनुवंशिक स्रोतहरूको संरक्षण र समुदायको सामर्थ्य अभिवृद्धिका लागि कार्यान्वयनयोग्य रणनीतिहरू विकास गरिनेछन् भने जलवायु अनुकूलित खाद्य प्रणालीका लागि पर्या-आध्यात्मिक परम्पराहरूलाई नवप्रवर्तनशील मार्गका रूपमा उजागर गरिनेछ।

सम्मेलनले परस्पर अन्तरसम्बन्धित दस घटकहरू- संस्कृति, धार्मिक मूल्य, कृषि जैविक विविधता, वन जैविक विविधता, परम्परा, आध्यात्मिकता तथा ज्योतिष, पानी तथा नवीकरणीय ऊर्जा, वायु तथा वातावरण, भूमि र सामाजिक प्रणाली को रूपरेखालाई अंगीकार गरेको छ। यस रूपरेखाले कृषि केवल खाद्य उत्पादन प्रणाली मात्र नभई स्वास्थ्य, पोषण, जैविक विविधता, वातावरण, संस्कृति तथा जीविकोपार्जनमा निर्णायक भूमिका खेल्ने व्यापक प्रणाली हो भन्ने कुरालाई स्पष्ट रूपमा स्थापित गर्दछ। किसान, अनुसन्धानकर्ता, नीतिनिर्माता, शिक्षाविद्, विकास साझेदार तथा निजी क्षेत्रका प्रतिनिधिहरूले यही रूपरेखामा केन्द्रित भएर कृषि क्षेत्रमा रूपान्तरणकारी परिवर्तनको अत्यावश्यकताबारे गहन छलफल गर्नेछन्।

आधुनिक कृषि प्रणालीले उत्पादन वृद्धि गराए पनि यसले माटोको क्षय, जैविक विविधताको ह्रास, पारिस्थितिक असन्तुलन तथा परम्परागत ज्ञान प्रणालीहरूको क्षरण निम्त्याएको कुरामा प्रमुख बहसहरू केन्द्रित हुनेछन्। सहभागीहरूले गहन पुनरुत्थानशील कृषि दिगोपनभन्दा परको अवधारणा रहेको पक्षमा जोड दिँदै माटो, पानी, हावा र जैविक विविधताको पुनर्स्थापनामा केन्द्रित भई सहनशील कृषि तथा सामाजिक प्रणालीहरूको पुनर्निर्माणमा मार्गदर्शनको खोजी गर्नेछन्। यससँगै, जलवायु अनुकूल तथा पोषणबारे संवेदनशील कृषिको आधारका रूपमा कृषि जैविक विविधताको महत्त्वलाई विशेष रूपमा पहिचान गरिनेछ। साथै, स्वदेशी ज्ञान, संस्कृति र पर्या-आध्यात्मिक मूल्यहरूको निर्णायक भूमिकालाई पनि उत्तिकै महत्वका साथ उजागर गरिनेछ।

सम्मेलनमा मुख्य मन्तव्यका साथै आमन्त्रित कार्यपत्र, प्यानल छलफल, प्रदर्शनी, पोस्टर प्रस्तुति तथा सांस्कृतिक कार्यक्रमहरू समाविष्ट हुनेछन्। यसरी अभ्यासमुखी सत्रहरू, नेटवर्किङ, साझेदारी निर्माण तथा कार्यमुखी परिणामहरूमा विशेष जोड दिइने बहुविषयक तथा अधिकांश सरोकारवालाहरुको सहभागितामा आधारित साझा मञ्च हुनेछ सम्मेलन। सम्मेलनमा हिमाली क्षेत्रका आनुवंशिक स्रोतहरूको दीर्घकालीन संरक्षण तथा सुरक्षित प्रतिलिपिसुनिश्चित गर्न "हिमालयन बीज कोष" स्थापना गर्ने सम्भावना पनि खोजिनेछ। "स्थानीयमा जाऔँ, स्थानीयमै काम गरौँ, स्थानीयलाई सम्मान गरौँ, र स्थानीयलाई विश्वस्तरमा पुऱ्याऔँ" भन्ने सिद्धान्तलाई आत्मसात गर्दै स्वनिर्भर कृषि प्रणाली सुदृढ गर्ने दिशामा जोड दिइनेछ।

सम्मेलनका मूल सन्देशहरूमा कृषि केवल खाद्य उत्पादनमा सीमित नभई पारिस्थितिक प्रणाली र समुदायको दिगोपन सुनिश्चित गर्ने व्यापक प्रणालीका रूपमा पुनः परिभाषित हुनुपर्ने लगायतका विषयहरू पर्दछन्। गहन पुनरुत्थानशील कृषिले क्षतिग्रस्त भू-परिदृश्यको पुनः स्थापनाका लागि रूपान्तरणकारी मार्ग प्रशस्त गर्दछ; गतिशील तथा अनुकूलित कृषि जैव-विविधता कायम राख्ने प्रमुख उपायका रूपमा प्रयोगद्वारा संरक्षण भन्ने मान्यता राख्छ; विदेशी आनुवंशिक बीजस्रोतको निर्भरता घटाउँदै स्थानीय स्रोतहरूको प्रवर्द्धन अपरिहार्य रहेको कुरा स्पष्ट स्थानीय उत्पादनका लागि बजार पहुँच र मूल्य अभिवृद्धि सुनिश्चित गर्नु नै कृषि रूपान्तरणको मुख्य आधार हो भन्ने कुरा सुनिश्चित गर्दछ।

गहन पुनरुत्थानशील कृषिसम्बन्धी क्षेत्रीय घोषणापत्र तथा आगामी कार्यदिशाको अनुमोदनसहित सम्मेलनको समापन हुनेछ।

अपेक्षित उपलब्धिहरूमा गहन पुनरुत्थानशील कृषिबारे विचारको अभिवृद्धि, क्षेत्रीय सहकार्यको सुदृढीकरण, सरोकारवालाहरूको क्षमता अभिवृद्धि, नीतिगत सुझावहरू, अनुसन्धानका प्राथमिकताहरूको पहिचान, स्थानीय उत्पादनका लागि बजार अवसरहरूको प्रवर्द्धन, तथा सहनशील, समावेशी र प्रकृतिमैत्री कृषि प्रणालीका लागि साझा क्षेत्रीय दृष्टिकोणको विकास आदि पर्दछन्।

यससँगै सम्मेलनससम्बद्ध सम्मेलन कार्यावली तथा अनुसन्धान आलेखहरूको प्रकाशन हुनेछ। गहन पुनरुत्थानशील कृषिको व्यापक प्रसारका लागि तत्सम्बन्धी नेपाली भाषामा जानकारीमूलक सामग्रीहरू तयार पारिनेछ। गहन पुनरुत्थानशील कृषिको प्रवर्द्धनमार्फत् वर्तमान तथा भावी पुस्ताका लागि खाद्य, पोषण, स्वास्थ्य, वातावरणीय दिगोपन, सांस्कृतिक अखण्डता र शान्ति सुनिश्चित गर्ने साझा लक्ष्यमा अग्रसर हुनका लागि सरकार, अनुसन्धान संस्था, विकास साझेदार तथा कृषक समुदायलाई संयुक्त रूपमा अगाडि बढ्न सशक्त आह्वान गर्दै सम्मेलनको समापन हुनेछ।

# झरना सौभाग्य कपको क्वाटरफाइनलमा



बुटवल। बुटवलमा जारी सहिद प्रचण्ड थैव स्मृति दोस्रो सौभाग्य गोल्डकप २०८२ मा डिफेन्डिङ च्याम्पियन झरना स्पोर्टिङ् क्लब कुन्जलापुर शानदार जितसँगै क्वाटरफाइनलमा स्थान बनाएको छ। आइतबार भएको रोमाञ्चक खेलमा योग ब्यायज एफसी देवदहलाई ३-१ गोल अन्तरले पराजित गर्दै झरना क्वाटरफाइनलमा प्रवेश गरेको हो। झरनाले अब क्वाटरफाइनलमा आयोजक सौभाग्य युवा क्लबसँग खेल्नेछ।

सिद्धेश्वर खेलमैदानमा भएको खेलको २२औं मिनेटमा योग ब्यायजका सागर कटुवालले गोल गर्दै टिमलाई अग्रता दिलाए। डिबक्स बाहिरबाट कटुवालले गरेको बल प्रहार जाली चुम्यो। पहिलो हाफमा एक गोलले पछि परेको झरना दोस्रो हाफमा भने फर्कन सफल भयो। खेलको ४७ औ मिनेटमा झरनाका मनिष मगरले बराबरी गोल प्रहार गरे। बिक्की चामलिङ राईले लगत्तै एक मिनेटमा अर्को गोल थपे। खेलमा दिपेश घलेले ६७औं मिनेटमा निर्णायक गोल गर्दै झरनालाई विजय बनाए।

सोमबारदेखी क्वाटरफाइनलका खेलहरु शुरु हुनेछन। पहिलो क्वाटरफाईनलमा देवदह ब्यायज रुपन्देही र हनामी बिएफसी चितवनका बिचमा खेल हुने क्लबका सचिव प्रकाश क्षेत्रीले बताए।

रुपन्देहीमा नै सर्वाधिक राशिफलको क्लबद्धारा संचालन गरिएको गोल्डकप भएको आयोजक क्लबका अध्यक्ष सुजु मल्लको दाबी छ। मैदानलाई आकर्षक सजावटसँगै मैदानको पश्चिम, पूर्व र दक्षिणतर्फ करीब २ हजार क्षमताको अस्थाई प्यारापिट समेत निर्माण गरिएको छ। प्रतियोगितामा प्रथम हुने टोलीले ५ लाख ५ हजार रुपैयाँ र उपविजेताले २ लाख ५५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्। यस्तै, विभिन्न विधामा उत्कृष्ट खेलाडी तथा कोचलाई नगद पुरस्कारको व्यवस्था गरिएको क्लबका सचिव प्रकाश क्षेत्रीले बताए। प्रतियोगितामा रुपन्देहीसहित चितवन, नवलपरासी, कपिलवस्तुका गरी १२ क्लबहरुले भाग लिएका छन्।

# पाँच किमि सडक स्तरोन्नति गर्न आठवर्षपछि बल्ल बजेट



पाल्पा। लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको पाल्पाको हार्थोक- बतासे सडकको अन्ततः स्तरोन्नतिको काम अगाडि बढेको छ। विगत आठ वर्षदेखि बजेट अभाव र सरकारी उदासिनताले अलपत्र परेको रामपुर- कपुरकोट सडकखण्डअन्तर्गतको यो सडकको अहिले स्तरोन्नतिको काम धमाधम अगाडि बढेको हो।

प्रदेश सरकारले पाँच किलोमिटर सडक स्तरोन्नति गर्न बजेट विनियोजन गरी काम सुरु गरेको छ। यहाँ मार्ग खुलेको लामो समय हुँदासम्म सडक लथालिङ्ग थियो। पानी पर्दा हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुँदा यात्रीलाई सास्ती हुन्थ्यो। बिरामी र गर्भवतीलाई निकै जोखिम थियो।

पश्चिम पाल्पाका नागरिकको 'लाइफ लाइन'का रूपमा रहेको सडकखण्डलाई पक्की बनाउने हरेकपटक चुनावी नारा बन्थ्यो। तर, चुनाव सकिएपछि कहिल्यै टालो नफेरेको उक्त सडकखण्ड आठ वर्षपछि स्तरोन्नतिको काम सुरु भएपछि यहाँका नागरिकमा खुसीयाली छाएको छ। स्थानीयले पटकपटक स्थानीय, प्रदेश र सङ्घीय सरकारका जनप्रतिनिधिलाई ध्यानाकर्षण गराउँदै आए पनि काम हुनसकेको थिएन। अहिले काम अगाडि बढेपछि रैनादेवी छहराका पदम सोमै निकै खुसी छन्। हिँड्नै मुस्किल हुने सडकको स्तरोन्नति हुन थालेपछि अब दुःखका दिन सकिने उनको आशा छ।

"यहाँका नागरिक बिग्रँदो अवस्थाका सडकका कारण वर्षात्अगावै घरायसी सामानको जोहो मिलाउँथे। सडक पक्की बनेपछि त्यो अवस्था सकिनेछ।"-उनले भने। सडक स्तरोन्नतिपछि उत्पादित वस्तु बेचेर ग्रामीण क्षेत्रका किसानको आयआर्जनमा वृद्धि हुने रैनादेवी छहरा गाउँपालिका पूर्वजनप्रतिनिधि विष्णु पोखरेल बताउँछन्। उनी भन्छन्-"सडक स्तरोन्नतिपछि ढुवानीका साधन पनि बारीबारीमै पुग्नेछन्। कुहिएर जाने तरकारी बजारमा पुग्नेछ। किसानले आफ्ना वस्तु सजिलै बजार पुऱ्याउने अवस्था आउनेछ। किसानको उत्पादन गाउँमै राम्रो मूल्यमा बिक्री हुनेछ।" सडक सञ्जालले आममानिसलाई करेसाबारीमा फलेका तरकारी होस् या खेतबारीमा फलेको अन्न, बजार पुर्याउन सहज बनाउने पोखरेलको भनाइ छ।

लामो समयको पर्खाइपछि आएको बजेटलाई कार्यप्रगतिमा रुपान्तरण गर्न स्थानीयवासी सक्रिय भएर लागेका छन्। सडक निर्माणका क्रममा आइपरेका समस्या पनि स्थानीयस्तरबाटै समाधानले काममा सहयोग भएको छ। सडक स्तरोन्नतिको काम गर्दा स्थानीयवासी, पालिकाका जनप्रतिनिधिहरूसँग समन्वय सहकार्य गरेर काम भइरहेको रिब्दीकोट गाउँपालिका अध्यक्ष नारायणबहादुर कार्कीले बताए।

यस सडकखण्डमा अहिले सडक चौडा गर्ने, ठाउँठाउँमा रिटेनिङ पर्खाल लगाउने, जग निर्माण गर्ने, बाटोको लेवल मिलाउने र नाली निर्माणका काम भइरहेका छन्। सडकको मापदण्डमा पर्ने दायाँ बायाँमा रहेको घरटहरा हटाएपछि कामले अझै गति लिने छ। सडक निर्माणका क्रममा आएका समस्यालाई आपसी छलफल, समन्वय र सहकार्यबाट समाधान गर्दै निधारित मितिमै काम सक्नेगरी कार्यालय लागिपरेको लुम्बिनी प्रदेश सडक यातायात पूर्वाधार निर्देशनालय बुटवलका वरिष्ठ इन्जिनियर सूचना अधिकारी अरुण गुप्ताले बताए।

सडक स्तरोन्नतिका लागि यातायात पूर्वाधार निर्देशनालय बुटवलले २०८४ असोज २६ भित्र सम्पन्न गर्नेगरी निर्माण व्यवसायीसँग सम्झौता गरेको छ। सडक स्तरोन्नतिका लागि रु १६ करोड ३१ लाख १९ हजारमा एमएस राजेश्वरी-रमानिया-आरएन्डआर जेभीले काम गर्दै आएको छ। निर्माणकार्य सम्पन्न गर्ने मितिभन्दा छ महिनाअघि नै सक्ने लक्ष्यका साथ काम भइरहेको निर्माण कम्पनीका साइड इञ्चार्ज अरुण ज्ञवालीले जनाए।

प्रदेश सरकारले २०७४ सालमै कर्णाली प्रदेशको सिमानादेखि गण्डकी प्रदेशको सिमाना जोड्ने गरी पाल्पाको रामपुरदेखि सल्यानको कपुरकोटसम्मको तीन सय १० किलोमिटर दूरी निर्धारण गरी प्रदेशको गौरवको आयोजना घोषणा थियो। गौरवको सडक आयोजना घोषणा गरे पनि प्रदेशमा स्थिर सरकार नहुँदा यस सडकका लागि बजेट परेको थिएन। यो सडक पश्चिम पाल्पाको लाइफ लाइन भएकाले सडक निर्माणकार्य पूरा भएपछि जनजीवनमा परिवर्तनहरू देखिने लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगरले बताए। यो सडकले पाल्पाबाहेक अर्घाखाँची, प्यूठान, रोल्पा र सल्यानका बासिन्दालाई लाभ पुग्नेछ।

# रूपन्देही सुपरलिगः स्टार क्रिकेट क्लबको दोस्रो जित




भैरहवा। भैरहवामा जारी २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत 'बी' डिभिजनको खेलमा स्टार क्रिकेट क्लबले लगातार दोस्रो जित निकालेको छ। दोस्रो जित निकाल्ने क्रममा स्टारले आइतबार बुटवल युथ क्रिकेट क्लबलाई १ सय ११ रनको फराकिलो अन्तरले पराजित गर्यो।

सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको स्टारले ४१ ओभर २ बलमा सबै विकेटको नोक्सानीमा २ सय २१ रनको बलियो योगफल खडा गर्यो। उसका लागि शुभम खनालले ६०, सिद्धार्थ ढकालले ५७, कृष्ण कुंवरले २१, रन्जित मौर्यले १६ र गणेश धितालले १५ रन बनाए। बलिङमा बुटवल युथका अजय चौधरीले ४, हिलसन क्षेत्री र सम्पन्न पाठकले २-२ तथा कृष्ण पटेल र अमृत भण्डारीले १-१ विकेट हात पारे।

जवाफमा बुटवल युथले २७ ओभर ४ बलमा अलआउट हुँदै १ सय १० रन मात्रै बनायो र फराकिलो अन्तरले हार बेहोर्यो। उसलाई सस्तैमा रोक्न बलिङमा स्टारका फैजन खान र शुभम खनालले २-२ तथा गणेश धिताल, तुलबहादुर थापा, शुभम पाण्डे र सिद्धार्थ ढकालले १-१ विकेट लिए। बुटवल युथका कृष्ण पटेलले २०, सोनु मल्लाहले १७, सन्तोष परियारले १६, हिलसन क्षेत्रीले १२ र प्रदीप पेलाले १० रन बनाए। खेलमा शुभम खनाल प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद एक लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएका छन्। यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले समान पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन्। यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पाउने खेल संयोजक प्रथम पराजुलीले बताए। प्रतियोगिताको विजेता पुरस्कार माउण्ट एभरेष्ट कत्था मिल, उपविजेता पुरस्कार विके ज्वेलर्स, भैरहवा, म्यान अफ द म्याचको पुरस्कार सिद्धार्थ उद्योग बाणिज्य संघले प्रायोजन गरेको छन्।

यस्तै, म्यान अफ द सिरिजको पुरस्कार होटल स्टार होलिडे, बेस्ट ब्याटर र बलरको पुरस्कार युवा व्यवसायी रविकुमार रौनियार, उदयीमान खेलाडीको पुरस्कार प्रतीक ट्रेड लिंक र म्याच अवधिभर बलको प्रायोजन व्यवसायी अमित गुप्ताले गरेका छन्। प्रतियोगितामा 'ए' र 'बी' डिभिजन गरी २० टीमको सहभागिता छ।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३



**गोठेमल बारीमा लगिँदैः**
दाङको घोराही उप-महानगरपालिका-१२ स्थित सिस्नेरी गाउँका महिला बारीमा मल छरेर खनजोत गरी मकै रोप्नका लागि गोठेमल बारीतर्फ लैजाँदै । घरपालुवा पशु चौपायाको गोबर, पिसाब, पातपतिङ्गरलगायतका जैविक पदार्थ मिसाएर बनाइएको गोठेमलले माटोको उर्वराशक्ति बढाउने र उत्पादनमा वृद्धि गर्ने भएकाले ग्रामीण क्षेत्रका खेतबारीमा यो मल बढी प्रयोग गरिन्छ । तस्विरः कुलदीप न्यौपाने/रासस

# उत्कृष्ट विद्यार्थीलाई भैँसी पुरस्कार



भैरहवा । सामान्यतया विद्यालयमा उत्कृष्ट हुने विद्यार्थीले मेडल, प्रमाणपत्र वा केही नगद पुरस्कार पाउँछन् । तर, रुपन्देहीको मायादेवी गाउँपालिका ४ स्थित सुण्डी माध्यमिक विद्यालयले पुरस्कारको परम्परागत शैलीलाई तोड्दै एउटा अनौठो र जीवनोपयोगी अभ्यास सुरु गरेको छ ।

यहाँका जेहेन्दार विद्यार्थीले पुरस्कारस्वरूप प्रमाणपत्र मात्र होइन, आर्थिक उपार्जनकालागि सहयोगी हुने भैँसी प्राप्त गर्छन् । यो सुन्दा सुरुमा अचम्म लाग्न सक्छ, तर विद्यालयको यो कार्यक्रमले विद्यार्थीको शैक्षिकस्तर सुधार्नुका साथै धेरै परिवारलाई आयको आधार बनेको छ ।

कक्षा ११ मा अध्ययनरत शिवकुमार यादव यस वर्ष भैँसी पुरस्कार पाउने विद्यार्थीमध्ये एक हुन् । उनका लागि यो भैँसी केवल उपहार मात्र होइन, उच्च शिक्षाका लागि खर्च जुटाउने एउटा भरपर्दो स्रोत बनेको छ । 'यो भैँसीबाट हुने आम्दानीले मेरो पढाइ खर्च धान्न ठूलो मद्दत पुग्नेछ ।'- उत्साहित हुँदै शिवले भने । उनीजस्तै अन्य विद्यार्थीहरूमा पनि अहिले पढाइप्रतिको लगाव ह्वात्तै बढेको छ । विद्यालयको यो योजनाले विद्यार्थीमा जिम्मेवारीबोध मात्र गराएको छैन, भविष्यप्रति आशावादीसमेत बनाएको छ । किन रोजियो त भैँसी पुरस्कार ? दक्षिणी रुपन्देहीका अधिकांश परिवारको मुख्य पेसा कृषि र पशुपालन हो । आर्थिक अभावकै कारण बीचमै पढाइ छोड्ने दर यहाँको ठूलो चुनौती थियो । विद्यालयका अनुसार, विद्यार्थीलाई केवल सैद्धान्तिक ज्ञान र प्रशंसा मात्र पर्याप्त थिएन, उनीहरूको पढाइलाई निरन्तरता दिने ठोस आधार चाहिएको थियो । 'हामीले शिक्षालाई जीवन र जीविकोपार्जनसँग जोड्न खोजेका हौँ,' विद्यालयका प्रधानाध्यापक केशव पौडेल भन्छन् - 'भैँसी पुरस्कारले विद्यार्थीलाई पढाइमा टिकाउन र अभिभावकलाई शिक्षाप्रति सकारात्मक बनाउन राम्रो काम गरेको छ । यो कार्यक्रम सुरु भएपछि विद्यालयको शैक्षिक वातावरणमा उल्लेखनीय सुधार आएको छ । आर्थिक कारणले विद्यालय छोड्ने विद्यार्थीहरूको संख्या कम हुँदै गएको छ । भैँसी पाउने लक्ष्य सहित विद्यार्थीहरूबिच कक्षामा उपस्थित हुने र उत्कृष्ट नतिजा ल्याउने प्रतिस्पर्धा बढेको छ । पहिले छोराछोरीलाई खेतबारीको काममा लगाउने अभिभावकहरू अहिले उनीहरूको पढाइमा लगानी र समय दिन थालेका छन् ।

भैँसी पुरस्कार पाउनु त्यति सजिलो भने छैन । विद्यालयले हरेक वर्ष पुस्तक समीक्षा प्रतियोगिता आयोजना गर्छ । विद्यार्थीहरू समूहगत रूपमा सहभागी हुन्छन् र आफ्नो विश्लेषणात्मक क्षमता प्रदर्शन गर्छन् । उत्कृष्ट हुने पहिलो र दोस्रो समूहका विद्यार्थीलाई भैँसी प्रदान गरिन्छ भने अन्य सहभागीलाई प्रोत्साहित गर्न नगद पुरस्कार दिने व्यवस्था छ । यो अभियानलाई सफल बनाउन दक्षिण कोरियाका पर्वतारोही उम् होङ गिल र उनको संस्थाले सहयोग गर्दै आएको छ ।

उनको यो निरन्तर सहयोगले नै विद्यालयले अहिलेसम्म ५१ वटा भैँसी वितरण गरिसकेको छ, जसमध्ये यसै वर्ष मात्रै १० वटा वितरण गरिएको छ । यहीँ पुरस्कार वितरण गर्न हरेक वर्ष उम् होङ गिल दक्षिण कोरियाबाट आफ्ना सहयोगीसहित हरेक वर्ष आउने गरेका छन् । आफूले सहयोग गरेको पुरस्कार उपयोगी भएको देख्दा उनी दंग छन् । सुण्डी माध्यमिक विद्यालयको यो अभ्यासले एउटा महत्वपूर्ण पाठ सिकाएको छ, शिक्षा जब मानिसको आधारभूत आवश्यकता र आम्दानीसँग जोडिन्छ, तब मात्र त्यसले समाजमा दिगो परिवर्तन ल्याउन सक्छ । यो नमूना कार्यक्रम अन्य ग्रामीण क्षेत्रका विद्यालयहरूका लागि पनि एउटा उत्कृष्ट सिकाइ हुन सक्छ ।

# उद्योग वाणिज्य संघ लुम्बिनी प्रदेश अध्यक्षमा ठाकुर



**मोहम्मद हबिब**
*भैरहवा*

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशको अध्यक्षमा ठाकुरकुमार श्रेष्ठ निर्वाचित भएका छन् । शनिबार रुपन्देहीको भैरहवामा सम्पन्न महासंघको आठौं प्रदेशसभा तथा अधिवेशनबाट श्रेष्ठले कपिलवस्तुको चन्द्रौटाका जमसेर अलि मियाँलाई फराकिलो मतान्तरले पराजित गर्दै अध्यक्ष पदमा निर्वाचित भएका हुन् । कुल खसेको मतमध्ये एसोसिएटतर्फ श्रेष्ठले ९६ मत पाउँदा मियाँले ६ मत मात्र प्राप्त गरे भने जिल्ला- नगरतर्फ खसेको ३३ मतमध्ये श्रेष्ठले २१ र मियाँले १२ मत प्राप्त गरे । वस्तुगततर्फको एक मात्र मत पनि श्रेष्ठकै पक्षमा पर्यो । नवनिर्वाचित अध्यक्ष श्रेष्ठ सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका निवर्तमान अध्यक्ष समेत हुन् ।

निर्वाचन समितिका अधिकृत धर्मबहादुर खड्काका अनुसार महासंघको पदाधिकारी तथा सदस्यहरुमा अधिकांश निर्विरोध निर्वाचित भएका छन्, जसमा जिल्ला-नगर उपाध्यक्षमा टंकसिंह बुढाथोकी (दाङ), एशोसिएट उपाध्यक्षमा राजु महर्जन (पाल्पा) र कोषाध्यक्षमा लेखनाथ न्यौपाने (नवलपरासी) निर्वाचित रहेका छन् । सदस्यहरुमा बद्रीनाथ बराल (बर्दिया), माधवराज भण्डारी (प्यूठान), सौरभ अग्रवाल (रुपन्देही) र युवराज पोखरेल (लमही) निर्विरोध चुनिएको बताए । ११ सदस्यीय रहने यस समितिमा एकजना महिलासहित दुईजना सदस्य भने पछि मनोनित गरिने व्यवस्था छ । नवनिर्वाचित अध्यक्ष श्रेष्ठले महासंघलाई अझ बलियो बनाउँदै व्यावसायिक हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अधिवेशनको उद्घाटन सत्रमा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्र केवल नाफामुखी समूह नभई रोजगारी सिर्जना, राजस्व संकलन र पूर्वाधार विकासको प्रमुख साझेदार रहेको बताउँदै शिक्षण संस्थालाई 'शान्ति क्षेत्र' घोषणा गरिएजस्तै निजी क्षेत्रलाई पनि निर्वाध रुपमा काम गर्ने वातावरण सुनिश्चित गर्नुपर्नेमा जोड दिए ।

उनले पुराना कानुन, नीतिगत अस्पष्टता तथा नियामक निकायको दबाबका कारण व्यवसायीहरु असुरक्षित महसुस गरिरहेको उल्लेख गर्दै सरकारले अघि सारेको 'निजी क्षेत्र संरक्षण तथा प्रवर्द्धन योजना'लाई स्वागतयोग्य कदम बताए ।

यस्तै, महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले निर्वाचनपछि सबै व्यवसायी एउटै लक्ष्यका लागि एकजुट हुनुपर्ने र भ्रष्टाचारसम्बन्धी छानबिनको समर्थन गर्दै निजी क्षेत्रलाई अनावश्यक नोक्सानी पुर्याउने कामविरुद्ध एकता आवश्यक रहेको धारणा राखे ।

लुम्बिनी प्रदेशका निर्वतमान अध्यक्ष कृष्णप्रसाद शर्माले आर्थिक मन्दी, उच्च ब्याजदर र तरलता अभावका कारण व्यवसायीहरु मारमा परेको भन्दै ऋणको सावाँ-ब्याज भुक्तानीमा समय थप गर्न सरकारसँग माग गरे । महासंघले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्ने, भैरहवा र नेपालगन्जका एकीकृत जाँच चौकी शीघ्र सम्पन्न गर्नुपर्ने तथा मोतीपुर, नौबस्ता, विशेष आर्थिक क्षेत्र र तिनाउ-दानव औद्योगिक करिडोरलाई प्रभावकारी रूपमा सञ्चालन गर्न माग गरेको छ । साथै, लुम्बिनी सर्किट, बाँके र बर्दिया राष्ट्रिय निकुञ्जको पर्यटन प्रवर्द्धनमा पनि जोड दिइएको छ । कार्यक्रममा महासंघका उपाध्यक्षहरु हेमराज ढकाल, दिलसुन्दर श्रेष्ठ, सुरकृष्ण वैधलगायतले सरकार र निजी क्षेत्रबीचको विश्वासले मात्रै देशको आर्थिक विकास सम्भव हुने बताएका थिए ।

**शर्माको महासंघका उपाध्यक्ष पदमा उम्मेदवारी**

नेपाल उद्योग वाणिज्य महासंघको नेतृत्व तहमा देशका पश्चिम क्षेत्रका व्यवसायीहरूको प्रतिनिधित्व कमजोर रहेको भन्दै अबको नेतृत्वले यसलाई सम्बोधन गर्नुपर्ने निर्वातमान भएका प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले बताएका छन् । व्यवसायी प्रतिनिधिले नारायणी, बागमतीदेखि सुदूरपश्चिमसम्मको भूगोलबाट महासंघको पदाधिकारी तहमा अहिलेसम्म उपाध्यक्ष जस्तो गरिमामय पदमा पहिचान प्राप्त हुन नसकेकोमा अबको नेतृत्वले यसलाई सम्बोधन गर्नुपर्ने बताए । उनले सीमावर्ती क्षेत्रका व्यवसायीहरू अवैध व्यापारका कारण धराशायी बनेको र व्यवसायमा सन्तुष्टि प्राप्त गर्न नसकेको, पहाडी जिल्लाका उद्योग वाणिज्य संघहरूमा स्रोत र साधनको ठूलो अभाव रहेको, वर्तमान आर्थिक अवस्था र व्यावसायिक वातावरण सुधारका लागि पुराना ऐन तथा नीतिहरू परिमार्जन गर्नुपर्ने आवश्यकता रहेको बताउदै अबको नेतृत्वका लागि आफु दाबेदार रहेको बताए ।

# भैरहवामा रैथाने सडक खाना महोत्सव गरिंदै



भैरहवा । नयाँ वर्ष-२०८३ को पूर्वसन्ध्यामा भैरहवामा पाँचौं सिद्धार्थ रैथाने सडक खाना महोत्सव हुन लागेको छ ।

भैरहवालाई 'फुड हब' र पर्यटकीय क्षेत्रको रूपमा चिनाउने उद्देश्यका साथ होटल तथा रेष्टुरेण्ट व्यवसायी संगठन, रूपन्देहीको आयोजनामा आउँदो चैत ३० गते भैरहवाको रंगशाला रोडमा साँझ खाना महोत्सव सञ्चालन हुनेछ ।

आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गर्दै महोत्सव हुन लागेको हो ।

होटल व्यवसायी महासंघ नेपाल र लुम्बिनी प्रदेशको संरक्षकत्वमा सञ्चालन हुन लागेको महोत्सवमा स्थानीय रैथाने खानाको प्रवर्द्धन गर्न ८० बढि स्टल रहने संगठका अध्यक्ष राजेश महत्राले बताए ।

कार्यक्रमलाई सफल बनाउन विभिन्न सरकारी निकायहरूसँग पनि समन्वय गरिएको अध्यक्ष महत्राले बताए ।

महोत्सवमा विशेषगरी थारु, मगर, र गुरुङ समुदायका मौलिक परिकारहरू महोत्सवको मुख्य आकर्षण रहनेछन् भने विभिन्न जातजातिका परिकार पस्किने स्टलहरूमध्ये उत्कृष्ट खाना बनाउनेलाई पुरस्कारको समेत व्यवस्था गरिने आयोजकले जानकारी दिएका छन् । यसका साथै यस क्षेत्रका तारे र स्तरीय होटलहरुको सेफहरूले तयार पारेका विशेष परिकार ग्राहकले सुलभ र सस्तो मूल्यमा उपभोग गर्न पाउने अवसर यसले प्रदान गर्ने अध्यक्ष महोत्राले बताए ।

महोत्सवलाई मध्यनजर गर्दै भारतीय पर्यटकहरूलाई लक्षित गर्दै सीमा नाकाहरूमा होर्डिङ बोर्ड र ब्यानरहरू राखिनुका साथै डिजिटल माध्यम (अनलाइन, टिभी, फेसबुक बुस्टिङ) बाट प्रचारलाई तीव्र पारिएको महासचिव सुनिल घिमिरेले बताए ।

महोत्सवले यस क्षेत्रको पर्यटन विकास र आर्थिक चलायमान बनाउने अपेक्षा छ । आयोजकका अनुसार सबै स्टलमा मूल्यसूचि अनिवार्य रुपमा राख्ने र गुणस्तरलगायतको विषयमा अनुगमन समितिले निरीक्षण गर्ने बताए । आयोजकका अनुसार, महोत्सवमा भारतीय र स्वदेशी गरी २५ देखि ३० हजार सहभागी हुने र १ करोड रुपैयाँभन्दा धेरैको कारोबार हुने अनुमान गरिएको छ । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकार सहितको सांस्कृतिक कार्यक्रम पनि समावेश छ ।

स्थानीय उद्यमीहरूले आफ्नो सीप प्रदर्शन गर्ने यो महोत्सवले भैरहवालाई 'फुड टुरिजम' (खाद्य पर्यटन) को केन्द्रका रूपमा स्थापित गर्ने विश्वास आयोजकले लिएका छन् । स्थानीय निजी व्यवसायीहरूको समेत पूर्ण समर्थन रहेको यस कार्यक्रमले यस क्षेत्रको आर्थिक र पर्यटकीय गतिविधिमा टेवा पुर्याउने अपेक्षा गरिएको छ । कार्यक्रममा नाट्टा अध्यक्ष चन्द्र थापा, सुनचाँदी ब्याबसायी संघ सिद्धार्थनगरका अध्यक्ष राजन रसाइली, मदिरा व्यावसायी संघ सिद्धार्थनगरका सल्लाहकार खिमबहादुर खत्री, होटल तथा रेस्टुरेण्ट व्यावसायी सङ लुम्बिनी प्रदेशका महासचिब गणेसप्रसाद बेल्बासे, सङका संस्थापक अध्यक्ष अनिलकुमार ज्ञवालीलगायतले आफ्नो भनाइ राखेका थिए ।

# चैत २५ गतेदेखि 'जापानिज इन्सेफ्लाइटिस' विरुद्धको खोप अभियान



चितवन । जिल्लामा यही चैत २५ गतेदेखि 'जापानिज इन्सेफलाइटिस'विरुद्धको खोप अभिान सुरुआत गरिने भएको छ । जिल्लाको माडी नगरपालिकामा १८ हजार ८११ जना र भरतपुर महानगरपालिका-१९ मा चार हजार २०४ जनालाई खोप लगाउन लागिएको हो ।

जनस्वास्थ्य कार्यलयका प्रमुख निर्मल घिमिरेका अनुसार अभियान यही चैत ३० गतेसम्म सञ्चालन हुनेछ । खोप लगाउन नपाएका ३० वर्ष उमेर समूहमाथिका र खोप लगाउन छुटेका १५ वर्षमुनिका बालबालिकालाई यो खोप दिन लागिएको उनले जानकारी दिए ।

'जापानिज इन्सेफ्लाइटिस'का कारण जिल्लामा सन् २०२४ मा एक जनाको मृत्यु भएको थियो भने चार जना सङ्क्रमित भएका जनाइएको छ । सन् २०२५ मा १६ जना सङ्क्रमित हुँदा पाँच जनाको मृत्यु भएको कार्यालयका किट नियन्त्रक राम केसीले जानकारी दिए ।

उनका अनुसार यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने किटजन्य सरुवा रोग हो । यो लामखुट्टे घर बाहिर बस्न रुचाउने, घर बाहिर नै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ । किट नियन्त्रक केसीले यो लामखुट्टेले सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपन्छीलाई टोक्यो भने सर्दछ । धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गरेको उनी बताउँछन् ।

# नि:शुल्क स्वास्थ्य शिविरबाट एक हजार तीन सय लाभान्वित

गुल्मी । गुल्मी जिल्लाको मालिका गाउँपालिका-७ घमिरमा शनिबार सञ्चालन गरिएको नि:शुल्क औषधिसहितको बृहत् स्वास्थ्य शिविरबाट एक हजार ३०० नागरिकले लाभान्वित भएका छन् ।

खेलकुद तथा सांस्कृतिक युवा क्लबको आयोजना तथा वडा कार्यालयको समन्वयमा घमिर स्वास्थ्यचौकीमा उक्त शिविर सञ्चालन गरिएको थियो ।

क्लबका सचिव गोविन्द कार्कीका अनुसार शिविरमा एक सय ३८ जनाले 'भिडियो एक्सरे' तथा एक सय पाँच जनाले 'इसिजी' गराएका थिए । त्यस्तै, मधुमेह, रक्तचाप, थाइराइड, बाथ, दम, पेट, छाती तथा मुटुरोग, महिला तथा स्त्रीरोग, हाडजोर्नी, आँखा तथा नाक, कान, घाँटीसम्बन्धी रोगको विशेषज्ञ सेवा पनि उपलब्ध गराइएको थियो ।

शिविरमा चिकित्सकहरू डा. रमेश अर्याल, डा. सुनिल सुनार, डा. सुमन आचार्य, डा सन्तोष बस्नेत, डा. विजय पाण्डे, डा. आशिष भुर्तेल र डा. सन्तोष पाण्डेलगायतले बिरामीको स्वास्थ्य परीक्षण गर्नुका साथै बिरामीलाई परामर्श दिएका थिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com